## स्थानीय तह, वार्षिक विकास कार्यक्रम कार्यान्वयन मार्गदर्शन

**बजेट उपशीर्षक नं - ८०१०११२७**
**कृयाकलापको नाम- सुनसरी, इनरुवा रेडक्रस उपचार केन्द्र व्यवस्थापन खर्च**
**कार्यान्वयन गर्ने निकाय — इनरुवा नगरपालिका**

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २६३३२ |
| **कृयाकलाप कोड** | ११.३.७.१ |
| **उद्देश्य** | नेपाल रेडक्रस सोसाईटी, इनरुवा उपशाखाको ब्लड बैंक संचालनका लागि आवश्यक मेडिकल सामग्री खरिद तथा जडान गर्ने। |
| **अपेक्षित उपलब्धि** | नेपाल रेडक्रस सोसाईटी, इनरुवा उपशाखाबाट ब्लड ट्रान्सफ्युजनसंग सम्बन्धित सेवाको गुणस्तर अभिवृद्धि हुने। |
| **सञ्चालन प्रक्रिया** | • बजेट विनियोजन भएको स्थानीय तहले नेपाल रेडक्रस सोसाईटी इनरुवा उपशाखासँग समन्वय गरी उक्त निकायको ब्लड बैंक सञ्चालन गर्न आवश्यक मेडिकल सामग्रीको विवरण तयार गर्नुपर्नेछ।<br>• यसरी विवरण तयार गर्दा संबन्धित सेवाका विज्ञको परामर्श लिई प्राथमिकीकरण गर्नुपर्नेछ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम खरिद प्रकृया सम्पन्न गर्नुपर्नेछ।<br>• खरिद पश्चात उक्त सामग्री नेपाल रेडक्रस सोसाईटी, इनरुवा उपशाखालाई हस्तान्तरण गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | • कोशी प्रदेश विनियोजन ऐन,२०८० को दफा ४ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था अनुसार सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई प्रतिवेदन गर्नुपर्नेछ।<br>• कार्यक्रम समपन्न गरे पश्चात सो को प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशलाई पठाउनुपर्नेछ। |